नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

मिति: २०८२।५।२६

यस सम्बन्धमा मिति २०८२।५।२३ र २४ गते भएको अस्वभाविक घटनाका क्रममा सहादत प्राप्त नेपाली नागरिकहरु प्रति गहिरो दुःख व्यक्त गर्दै हार्दिक समवेदना प्रकट गर्दछ र उक्त घटनाका घाइते भएका सम्पूर्ण नेपाली नागरिक हरुलाई शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछ।

उल्लिखित मितिमा देशभर भएको तोडफोड, आगजनी, लुटपाट तथा हिंसात्मक एवम् विध्वंसात्मक कार्यबाट यस विभाग समेत अछुतो रहन सकेन। उक्त कार्यबाट यस विभागलाई पुगेको अतुलनीय भौतिक तथा प्रशासनिक क्षतिप्रति विभाग दुःख व्यक्त गर्दछ। साथै यस विभागबाट संचालन हुने दैनिक सेवाहरु संचालन गर्न कठिनाई भए तापनि आवश्यकता अनुसार अत्यावश्यक सेवाहरु मिति २०८२।५।२९ गतेबाट संचालन हुने र यस विभागबाट नियमित हेरिने मुद्दा मामिलाको रोहमा हालसम्म तोकिएका सम्पूर्ण पेशी अर्को सूचना जारी नभए सम्मलाई स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ। यसबाट पर्न गएको असुविधा प्रति विभाग क्षमा चाहन्छ।

२०८२।५।२६

महानिर्देशक
उद्योग विभाग

फोन: ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्स: ९७७-१-४२६१११२, इमेल: info@doind.gov.np, वेबसाइट: http://www.doind.gov.np

(कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)